श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### हवाई उडान कर ऐन, २०१८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: हवाई उडान कर ऐन, २०१८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "हवाई उडान कर (दोस्रो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. हवाई उडान कर ऐन, २०१८ को दफा २ मा संशोधन: हवाई उडान कर ऐन, २०१८ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) मा रहेको "विदेशमा" भन्ने शब्द झिकिएको छ ।

(२) खण्ड (ख) मा रहेको "विदेशमा ओसार्ने" भन्ने शब्दहरूको सट्टा "उडाउने" भन्ने शब्द राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को,–

(१) उप-दफा (२) मा रहेको "ने. रू. १ देखि ने. रू. १००० सम्म जरीवाना" भन्ने शब्दहरूको सट्टा "एकहजार रूपैयाँसम्म जरीवाना" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-दफा (३) मा रहेको "ने. रू. १ देखि ने. रू. १००० सम्म जरीवाना" शब्दहरूको सट्टा "एकहजार रूपैयाँसम्म जरीवाना" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उप-दफा (४) मा रहेको "ने. रू. ५० जरीवाना" भन्ने शब्दहरूको सट्टा "पचास रूपैयाँ जरीवाना" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-दफा (५) मा रहेको "ने. रू. १ देखि ने. रू. १००० सम्म जरीवाना" भन्ने शब्दहरूको सट्टा "एकहजार रूपैयाँसम्म जरीवाना" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उप-दफा (६) मा रहेको ने. रू. १ देखि ने. रू. ५० सम्म जरीवाना" भन्ने शब्दहरूको सट्टा "पचास रूपैयाँसम्म जरीवाना" भन्ने शब्दहरू राखिएका छन् ।

४. रूपान्तरः मूल ऐनमा "हवाई जहाज" भन्ने शब्द प्रयोग भएको ठाउँहरूमा त्यसको सट्टा "वायुयान" भन्ने शब्द राखिएको छ ।

लालमोहर सदर मितिः– २०३४।६।६।५

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२४